# नेपाल राष्ट्र बैङ्क नोट सट्टा भर्ना नियमावली, २०५९

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैङ्क नोट सट्टा भर्ना नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,□

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैङ्क" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ग) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(घ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैङ्कको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(ङ) "बिभाग" भन्नाले बैङ्क अन्तर्गत रहेको नोट बिभाग सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले बैङ्क अन्तर्गत रहेका बैङ्कका शाखा, उपशाखा तथा अन्य कार्यालय सम्झनु पर्छ ।

(छ) "सट्टा भर्ना दिने अधिकारी" भन्नाले नियम ४ बमोजिम नोटको दावी उपर कारवाही गरी सट्टा भर्ना दिने अधिकारी सम्झनु पर्छ ।

(ज) "पुनरावेदन सुन्ने अधिकारी" भन्नाले सट्टा भर्ना दिने अधिकारीले गरेको कारवाही उपर नियम ११ बमोजिम पुनरावेदन सुन्ने अधिकारी सम्झनु पर्छ ।

(झ) "नोट" भन्नाले नगदको रुपमा चलनचल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ ।

(ञ) "संकेत नम्बर" भन्नाले नोटमा अंकित अंक र अक्षर सहितको नोटको क्रमबद्धता जनाउंने संकेत नम्बर सम्झनु पर्छ ।

(ट) "नम्बर" भन्नाले कुनै नोटमा लेखिएको संकेत नम्बर सहित नोटमा अंकित पूरा नम्बर सम्झनु पर्छ ।

(ठ) "बेजोडा नोट" भन्नाले कुनै एक नोटको भागस□ग कुनै अर्को नोटको भाग जोडेको नोट सम्झनु पर्छ ।

(ड) "सच्याएको नोट" भन्नाले नोटको नम्बरमा वा नोटमा अंकित रकममा वा नोटको अरु कुनै भागमा केरमेट गरी, खुर्की, टांसी वा यस्तै अरु कुनै किसिमले सच्याएको नोट सम्झनु पर्छ ।

(ढ) “च्यातिएको नोट” भन्नाले कुनै नोट एक वा एकभन्दा बढी ठाउ□मा च्यातिएको वा टुक्रिएको नोट सम्झनु पर्छ र सो शव्दले च्यातिएको वा टुक्रिएको एउटै नोटको बिभिन्न टुक्रा जोडिएको वा टा□सिएको नोट समेतलाई जनाउ□छ ।

(ण) “अस्पष्ट नोट” भन्नाले कुनै नोटको कुनै हिस्सा स्पष्ट नभएको नोट सम्झनु पर्छ ।

(त) “मनोमानी लेखेको नोट” भन्नाले कसैले नोटको कुनै भागमा अश्लिल वा अभद्र लेखेको नोट सम्झनु पर्छ ।

(थ) “छपाइ बिग्रेको नोट” भन्नाले नोट छपाइ गर्दा मानवीय वा यान्त्रिक गल्तिको कारणबाट नोटको नम्बर, दर तथा नोटमा अंकित बाह्य वा आन्तरिक सुरक्षा संकेतहरू फरक परेको वा छपाइ सम्बन्धी अन्य कुनै त्रुटी भएको नोट सम्झनु पर्छ ।

(द) “दावी” भन्नाले विवादास्पद स्थिति देखिई तुरुन्त भुक्तानी प्रदान गर्न नसकिने नोटको सट्टा भर्ना पाउ□ भन्ने दरखास्त सहितको दावी सम्झनु पर्छ ।

३. <u>सट्टा भर्नाको लागि दावी पेश गर्नु पर्ने:</u> कसैस□ग रहेको नोट आगोले पोलिई, किराले खाई, च्यातिई, पानीले भिजी वा अन्य कुनै किसिमले चलनचल्ती योग्य नभएमा त्यस्तो व्यक्तिले त्यस्तो नोटको सट्टा भर्नाको दावीका लागि अनुसूची□१ बमोजिमको ढांचामा सट्टा भर्ना दिने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

४. <u>सट्टा भर्ना दिने अधिकारी:</u> (१) देहाय बमोजिमका नोटको दावी उपर जा□चबुझ गरी नोट सट्टा भर्ना सम्बन्धी निर्णय गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ:□

(क) एकसय रुपैया□ दरसम्मका नोटहरूका लागि अधिकृत तृतीय श्रेणी,

(ख) एकसय रुपैया□ भन्दा माथिका जुनसुकै दरका नोटहरूको लागि अधिकृत द्वितीय श्रेणी ।

(२) उपनियम (१) बमोजिम पेश भएको कुनै नोट वा नोटको भागको सट्टा भर्ना तत्काल दिन नसक्ने भएमा सट्टा भर्ना दिने अधिकारीले त्यस्तो नोट वा नोटको भाग बुझी सोको निस्सा अनुसूची(२ बमोजिमको ढा□चामा दावीवालालाई दिनुपर्नेछ ।

५. <u>दावी उपर जा□चबुझ:</u> नियम ३ बमोजिम नोट सट्टा भर्नाको लागि कसैको दावी परेमा सट्टा भर्ना दिने अधिकारीले देहाय बमोजिमको कार्यविधि अपनाई जा□चबुझ गर्नुपर्नेछ:□

(क) दावीको लागि पेश भएको नोटको पचास प्रतिशत भन्दा बढी भाग र नोटको पूरा नम्बर यकिन गर्न सकिने अवस्थामा रहेको वा नरहेको,

स्पष्टिकरण: यस खण्डको प्रयोजनको लागि “नोटको पचास प्रतिशत भन्दा बढी भाग” भन्नाले नोट टुक्रा टुक्रा भई दुई वा सो भन्दा बढी भागमा बिभाजित भए तापनि एउटै नोटका टुक्राहरू हुन भनि यकिन हुन सक्ने गरी दावी पेश भएमा त्यस्तो नोटका टुक्राहरूलाई पनि नोटको पचास प्रतिशत भन्दा बढी भाग सम्झनु पर्छ ।

(ख) खण्ड (क) बमोजिम पेश हुन आएको नोटको अङ्क मेटिएको वा नमेटिएको, अस्पष्ट भएको वा नभएको, नोट च्यातिएको वा नच्यातिएको, बिकृत भएको वा नभएको, बेजोडा भएको वा नभएको, नोटमा सच्याएको वा नसच्याएको, मनोमानी लेखेको वा नलेखेको ।

६. सट्टा भर्नाः (१) सट्टा भर्नाको लागि परेको दावी उपर सट्टा भर्ना दिने अधिकारीले नियम ५ बमोजिम जाँचबुझ गरी नोटको दर र पूरा नम्बर सहित पचास प्रतिशत भन्दा बढी भाग भएको र दोहोरो सट्टा भर्ना जान नसक्ने यकिन गरी त्यस्तो नोट वा नोटको भागको पूरा मूल्य सट्टा भर्ना दिनेछ ।

(२) सट्टा भर्नाको लागि परेको दावी उपर सट्टा भर्ना दिने अधिकारीले नियम ५ बमोजिम जाँचबुझ गर्दा नोटको दर र पूरा नम्बर यकिन हुन नसक्ने वा पचास प्रतिशत भन्दा कम नोटको भाग पेश भएको वा दोहोरो सट्टा भर्ना जान सक्ने अवस्था विद्यमान रहेको नोटको सट्टा भर्ना दिन इन्कार गर्नेछ ।

(३) सट्टा भर्नाको लागि दावी परेको नोट पेश भएको मितिले पैंतीस दिन भित्र सट्टा भर्ना दिने अधिकारीले निर्णय दिनु पर्नेछ । नोटको सट्टा भर्ना वा इन्कार गरिएको निर्णयको जानकारी र सो निर्णयबाट नोटको सट्टा भर्ना पाउने भएमा दावी पेश गरेको मितिले एकसय बीस दिनभित्र दावीवालाले सट्टा भर्ना रकम लिइ सक्नु पर्नेछ । सो मितिभित्र सट्टा भर्नाको रकम लिन नआएमा त्यस्तो रकम उपर दावीवालाको कुनै उजुरी लाग्ने छैन र सो रकम बैङ्कले आफनो हिसाबमा आम्दानी बाँध्नेछ ।

७. छपाइ बिग्रेको नोटको सट्टा भर्नाः छपाइ बिग्रेको नोट साबुत रुपमा सट्टा भर्नाको लागि दावी पेश हुन आएमा त्यस्तो नोटको पूरा मूल्य सट्टा भर्ना दिइनेछ ।

स्पष्टिकरण: यस नियमको प्रयोजनको लागि “साबुत नोट” भन्नाले नच्यातिएको, नटुक्रिएको वा बिकृत नभएको सिङ्गो तथा सग्लो नोट सम्झनु पर्छ ।

८. आगलागी वा दैवी प्रकोपमा परेका नोटको सट्टा भर्नाः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सट्टा भर्ना दिने अधिकारीले आगलागी वा दैवी प्रकोपको कारणले चलनचल्तीमा आउन नसक्ने नोटको सट्टा भर्ना देहायको आधारमा दिनेछः–

(क) आगलागी वा अन्य दैवी प्रकोप परेको व्यहोरा सम्बन्धित प्रहरी कार्यालय वा नगरपालिका वा गाउं विकास समिति वा प्रचलित कानून वमोजिम अधिकार प्राप्त अधिकारीबाट प्रमाणित भई आएमा,

(ख) दावीमा परेको नोटको दर र पूरा नम्बर पहिचान गर्न सकिने भएमा ।

(२) सट्टा भर्ना दिने अधिकारीले उपनियम (१) बमोजिम सट्टा भर्ना दिंदा त्यस्ता नोटको दोहोरो सट्टा भर्ना जान नसक्ने व्यहोरा यकिन गरी नोटको सट्टा भर्ना दिनु पर्नेछ ।

९. <u>सट्टा भर्नाको लागि दावी नलाग्ने:</u> बेजोडा नोट, सच्याएको नोट र मनोमानी लेखेको नोटको सट्टा भर्नाको लागि दावी लाग्ने छैन र त्यस्तो नोट सट्टा भर्नाको लागि पेश हुन आएमा सट्टा भर्ना दिने अधिकारीले त्यस्ता नोटहरू जफत गरी सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

१०. <u>दावीको लागि पेश भएको नोट फिर्ता नहुने:</u> यस नियमावली बमोजिम सट्टा भर्नाको लागि दावी पेश गरिएको नोट उपर जस्तोसुकै निर्णय भए तापनि उक्त नोट फिर्ता गरिनेछैन ।

११. <u>पुनरावेदन सुन्ने अधिकारी:</u> यस नियमावली वमोजिम परेको दावी उपर सट्टा भर्ना दिने अधिकारीले गरेको निर्णय उपर पुनरावेदन सुन्ने अधिकार गभर्नर वा निजले तोकेको डेपुटी गभर्नरलाई हुनेछ ।

१२. <u>पुनरावेदन:</u> (१) नोट सट्टा भर्ना सम्बन्धमा यस नियमावली बमोजिम सट्टा भर्ना दिने अधिकारीले गरेको निर्णयमा चित्त नवुझाउने दावीवालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिन भित्र पुनरावेदन सुन्ने अधिकारी समक्ष अनुसूची(३ बमोजिमको ढांचामा पुनरावेदन दिन सक्नेछ । उक्त म्याद नघाई पर्न आएको पुनरावेदन उपर कुनै कारवाही गरिनेछैन ।

(२) उपनियम (१) बमोजिम पेश हुन आएको पुनरावेदनको सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारी वा निजले तोकेको बैंकको कर्मचारीले सो पुनरावेदन बुझी सो को निस्सा अनुसूची(४ बमोजिमको ढा□चामा पुनरावेदकलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको पुनरावेदनमा पुनरावेदन सुन्ने अधिकारीले पुनरावेदन परेको मितिले पैंतीस दिन भित्र निर्णय गरिसक्नु पर्नेछ । यसरी पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) उपनियम (३) बमोजिमको निर्णयको जानकारी र सो निर्णयबाट नोटको सट्टा भर्ना पाउने भएमा दावीवालाले पुनरावेदन दर्ता भएको मितिले एकसय बीस दिनभित्र सट्टा भर्ना रकम लिई सक्नुपर्नेछ । सो मितिभित्र सट्टा भर्नाको रकम लिन नआएमा त्यस्तो रकम उपर दावीवालाको कुनै उजुरी लाग्ने छैन र सो रकम बैङ्कले आफ्नो हिसाबमा आम्दानी बा□ध्नेछ ।

१३. **खारेजी र बचाउः** (१) नेपाल राष्ट्र बैङ्क (नोट सट्टा भर्ना) नियम, २०४८ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियम अन्तर्गत भए गरेका सबै काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची ( १

(नियम ३ स□ग सम्बन्धित)

मितिः

श्रीमान् ... ... ... ... ... ... ...
नेपाल राष्ट्र बैङ्क
........................ ।

विषयः **नोट सट्टाभर्नाको लागि दावी पेश गरेको बारे ।**

मेरो निम्न दरका नोटहरू थान ....... (.....................) चलनचल्ती योग्य नभएको हु□दा नेपाल राष्ट्र बैङ्क नोट सट्टा भर्ना नियमावली, २०५९ बमोजिम सट्टाभर्ना पाउन यसै निवेदनसाथ संलग्न राखी दावी पेश गरेको छु ।

| सि. नं. | नोटको दर | नोटको नम्बर | नोटको भौतिक स्थिति | परिवर्तन को कारण | दैवी प्रकोपको कारणबाट नोट विकृत भएको भए सोको आधिकारिक प्रमाण | दावी रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निवेदक

सहि:

पूरा नाम, थर:

ठेगाना:

## अनुसूची ( २
(नियम ४ को उपनियम (२) संग सम्बन्धित)

मिति:

श्री ......................
........................... ।

महाशय,

तपाईले मिति .....................का दिन दर्ता नं. .......... बाट दर्ता गर्नु भएको नोटको सट्टा भर्ना सम्बन्धी निर्णयको जानकारी लिन मिति ............. का दिन ........................ विभाग/शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ । उक्त नोटको सट्टाभर्ना पाउने निर्णय भएमा मिति ... ... ... ... ... गतेका दिन यस विभाग/शाखामा सम्पर्क गर्नुहोला । उक्त मितिभित्र सो नोटको भुक्तानी लिन नआएमा बैङ्कको हिसावमा आम्दानी बांधिनेछ ।

नोट बुझिलिनेको दस्तखत

## अनुसूची □ ३
(नियम १२ को उपनियम (१) स□ग सम्बन्धित)

मिति:

श्रीमान् ................
नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

विषय: नोट सट्टा भर्नाको लागि पुनरावेदन पेश गरेको बारे ।

श्रीमान्,

मेरो निम्न बमोजिमको नोट सट्टाभर्नाको लागि नेपाल राष्ट्र बैङ्क, नोट विभाग/ .............................. शाखा/कार्यालयमा पेश गरेकोमा मिति ....................मा उक्त नोटको सट्टाभर्ना नदिने निर्णय भएकोले सो निर्णय उपर चित्त नबुझेको हु□दा उक्त निर्णयको पैंतीस दिन भित्रै निम्न आधारमा यो पुनरावेदन दर्ता गर्न आएको छु । निम्न नोट/नोटहरूको पूरा रकम सट्टाभर्ना पाउं□ ।

नोटको विवरण

१. नोटको नम्बर, दर र संख्या:□

२. दावी रकम रु.:□

३. नोटको भौतिक स्थितिको परिवर्तनको कारण:□

४. दावीको आधार र औचित्य :□

५. अन्य:□

निवेदक,
सहि:
पूरा नाम थर:
ठेगाना:

## अनुसूची ( ४
(नियम १२ को उपनियम (२) संग सम्बन्धित)

मितिः

श्री … … … … … … … … …
… … … … … … … … … … ।

तपाईले मिति ……………………….मा नोटको सट्टाभर्ना पाउ□ भनी पेश गर्नु भएको … … … दरको नोट थान … … … (… … … … … … … ..) को जम्मा रु. … … …. ( … … … …. … … ) को पुनरावेदन यस कार्यालयको द.नं…………मा दर्ता गरी यो भरपाई प्रदान गरिएको छ । उक्त पुनरावेदन सम्बन्धी निर्णयको जानकारी लिन मिति ………………. गतेका दिन यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपाईको नोटको सट्टाभर्ना पाउने निर्णय भएमा उक्त मितिले एकसय बीस दिन भित्र सम्पर्क गरी भुक्तानी नलिएमा सो रकम बैङ्कको हिसावमा आम्दानी बांधिने व्यहोरा समेत जानकारी गराइन्छ ।

□□□□□□□□□□□□□□□□□

□□

पुनरावेदन बुझ्नेको दस्तखत